### ३) समन्वय, सहकार्य र एकरुपता

सुरक्षित भवन निर्माण र बहुप्रकोपीय जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सिकाइ र अनुभवलाई अन्य गाउँपालिकाहरुमा फैलाउनको लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

सुरक्षित भवन निर्माण र बहुप्रकोपीय जोखिम न्यूनीकरणका कार्यहरुलाई दिगो बनाउन गाउँपालिकामा रहेका सरोकारवाला र सहयोगी संस्थाहरू बीचमा सहकार्य गरिनेछ ।

### अपेक्षित परिणाम

- सात वटा गाउँपालिकाहरुमा सुरक्षित भवन निर्माणको लागि संस्थागत प्रणाली तथा प्रक्रिया स्थापित हुनेछन् ।
- तीन वटा गाउँपालिकाहरुमा बहु-प्रकोपीय जोखिम आंकलन तथा जोखिम व्यवस्थापन र दिगो विकासका योजना तयार हुनेछन् ।
- तीन वटा समुदाय विपद् उत्थानशील समुदायको नमुनाको रुपमा तयार हुनेछन् ।
- बहु-प्रकोपीय जोखिम मूल्यांकन र व्यवस्थापन, गाउँपालिकामा भवन संहिता कार्यान्वयन, गाउँपालिकाको जोखिम संवेदनशील भु-उपयोग योजना निर्माण, गाउँपालिकाको विकास योजनामा विपद् जोखिम व्यवस्थापन समायोजन, सामुदायिक स्तरको आपत्कालीन् प्रतिकार्य योजना निर्माण लगायतका विषयमा १५ वटा पुस्तिका तथा निर्देशिका तयार हुनेछन् ।

### लाभग्राही संख्या

प्रत्यक्ष लाभग्राही संख्या


- लक्षित गाउँपालिकाहरुबाट करीब ४,६०० जना विभिन्न तालिम, अभिमुखीकरण, कार्यशाला, सञ्चार तथा प्रकाशनबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।
- सुरक्षित भवन निर्माणका लागि ६० जना प्राविधिक र ४२० जना निर्माणकर्मीहरुले तालिम प्राप्त गर्नेछन् ।
- बहु-प्रकोपीय जोखिम मुल्यांकनको लागि ९० जना सामुदायिक स्वयंसेवकहरुले तालिम प्राप्त गर्नेछन् ।
- आपत्कालीन् प्राथमिक स्वास्थ्य प्रतिकार्य र खोज तथा उद्दार सम्बन्धी १८० जना स्वयंसेवकहरुले तालिम प्राप्त गर्नेछन् ।
- घरधनी, जनप्रतिनिधि, सामुदायिक स्वयंसेवक लगायत १७७० जना व्यक्तिहरु सुरक्षित निर्माण र विपद् प्रतिकार्य सम्बन्धी अभिमुखीकरणमा सहभागी हुनेछन् ।
- करिव २१०० जना सरोकारवाला व्यक्तिहरु सचेतना, बैठक, कार्यशालामा सहभागी हुनेछन् ।
- सचेतना कार्यक्रममा कम्तिमा पनि २० प्रतिशत महिलाको सहभागिता रहनेछ ।
- कार्यक्रममा लक्षित दलित, जनजाति, आदिवासी र सिमान्तकृतको सहभागिता संख्या १५ देखि २० प्रतिशत रहनेछ ।

### अप्रत्यक्ष लाभग्राही संख्या:

करीब ७० हजार व्यक्ति रेडियो कार्यक्रम र अन्य विभिन्न कार्यक्रमहरु मार्फत अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

### कार्य क्षेत्र

यो कार्यक्रम निम्न सात वटा गाउँपालिकाहरुसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।




थप जानकारीको लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस् ।


NSET
Earthquake Safe Communities in Nepal

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल,
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np


USAID FROM THE AMERICAN PEOPLE

NSET Earthquake Safe Communities in Nepal

# मेरो सुरक्षित गाउँ

## My Village is Resilient




कार्यान्वयन गर्ने संस्था:
भूकम्प पविधि राष्ट्रिय समाज-नेपाल (NSET)
आर्थिक सहयोग:
अमेरिकी सहायता नियोग (USAID's Bureau for Humanitarian Assistance)

## पृष्ठभूमि

नेपालमा हरेक वर्ष विभिन्न विपद्का घटनाहरु हुने गर्दछन् । प्रत्येक वर्ष सालाखाला ९०० वटा विपद्जन्य घटना हुने गरेको र त्यसबाट ठूलो मात्रामा जनधनको क्षति हुने गरेको नेपाल सरकार गृह मन्त्रालयको तथ्याङ्कले देखाएको छ। विपद्बाट नेपालका शहरी क्षेत्रदेखि, छरिएर रहेका गाउँ र बस्तीहरु समेत प्रभावित हुने गरेका छन् । भौगोलिक विकटता र आर्थिक दुरावस्थाका कारणले कतिपय प्रकोपको असर शहरी क्षेत्रमा भन्दा गाउँबस्तीमा अझ धेरै हुने गरेको छ । ती क्षेत्रमा सचेतनाको औसतस्तर कमजोर पाइएको छ । नेपालका अधिकांश भागमा ग्रामीण वस्ती छन्, त्यसैले ग्रामीण समुदायहरुलाई विपद्वाट सुरक्षित राख्नका लागि सार्थक पहलको आवश्यकता छ ।

नेपालका ग्रामीण समुदायहरुलाई विपद्बाट सुरक्षित बनाउने लक्ष्य राखी नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मार्गदर्शनमा




भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) ले सात वटा गाउँपालिकामा **विपद्बाट सुरक्षित समुदायका लागि प्राविधिक सहायता कार्यक्रम "मेरो सुरक्षित गाउँ"** सञ्चालन गरिरहेको छ । यस कार्यक्रमले सुरक्षित भवन निर्माण, बहु-प्रकोपीय जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि गाउँपालिकामा प्राविधिक सहायता प्रदान गरिरहेको छ। अमेरिकी सहायता नियोग (USAID's Bureau for Humanitarian Assistance) को आर्थिक सहयोगमा सञ्चालित यो कार्यक्रम नेपालका सात वटा गाउँपालिकाहरु: चुरे, कैलारी, सिंजा, सिम्ता, बबई, बैजनाथ र तामाकोशीमा सन् २०१९ देखि २०२१ सम्म कार्यान्वयन भइरहेको छ। भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपालले विगत साढे दुई दशकदेखि विभिन्न नगरपालिकाहरुमा भवन निर्माण संहिता कार्यान्वयनको लागि प्राविधिक सहायता पुराउने काम गरिरहेको छ। ती अनुभवहरुलाई समेटेर ग्रामीण क्षेत्रका लागि यो कार्यक्रम तयार पारिएको हो । यस कार्यक्रमबाट प्राप्त सिकाई र अनुभवले भविष्यमा अन्य गाउँपालिकाहरुमा पनि विपद्बाट सुरक्षित राख्नको लागि काम गर्ने ढाँचा र आधार बनाउने लक्ष्य रहेको छ ।

## लक्ष्य

नेपालका ग्रामीण समुदायहरुलाई विपद् उत्थानशील बनाउने **"मेरो सुरक्षित गाउँ"** कार्यक्रमको मुख्य लक्ष्य हो ।

## उद्देश्य

यस कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिकाहरुमा सुरक्षित भवन निर्माणका लागि आवश्यक प्रणाली स्थापना गर्ने र विपद् सुरक्षित नमूना वस्तीका लागि कार्यहरु गर्ने हो ।

## कार्यक्रमका विषयवस्तुहरु

यस कार्यक्रम अन्तर्गत निम्न तीन वटा क्रियाकलापहरू रहेका छन्:

### १. बहु-प्रकोपीय जोखिम व्यवस्थापन

- गाउँपालिकाको बहु-प्रकोपीय जोखिमको मूल्यांकन गर्ने र निर्देशिका बनाउने ।
- गाउँपालिकाको बहु-प्रकोपीय जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना बनाउने ।
- बहु-प्रकोपीय जोखिमको मूल्यांकन र व्यवस्थापन सम्बन्धी तालिमहरू संचालन गर्ने ।
- गाउँपालिकामा बहु-प्रकोपीय जोखिम न्यूनीकरण सम्बन्धी नमूना कार्यहरू गर्ने ।

### २. सुरक्षित भवन निर्माण र दिगो विकासको योजना

- समुदायमा सुरक्षित निर्माण सम्बन्धी सचेतना अभिवृद्धि गर्ने ।
- भवन संहिता कार्यान्वयनको लागि सरोकारवालाहरूको दक्षता अभिवृद्धि गर्ने ।
- गाउँपालिकामा भवन संहिता कार्यान्वयनका लागि संस्थागत पद्धति स्थापना गर्न प्राविधिक सहयोग गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने स्थानीय भवनको नमूना डिजाइन तथा नक्सा तयार गर्ने ।
- पहिल्यै निर्मित भवन र पूर्वाधारहरुको अभिलेखीकरण गर्ने प्रणाली बनाउने ।
- गाउँपालिकाको जोखिम संवेदनशील भु-उपयोग योजना निर्माणको लागि प्राविधिक सहयोग गर्ने ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई गाउँपालिकाको विकास योजनामा समायोजन गर्न सहयोग गर्ने ।

### ३. सामुदायिक स्तरमा आपत्कालीन प्रतिकार्यको पूर्वतयारी

- विपद् प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि र दक्षता अभिवृद्धि गर्ने ।
- सामुदायिक स्तरको आपत्कालीन् प्रतिकार्य योजना निर्माण र स्थलगत अभ्यास गर्ने ।
- सामुदायिक विपद् पूर्वतयारी अध्ययन केन्द्रको स्थापना गर्ने ।

## कार्यान्वयन विधि

यस कार्यक्रमको कार्यान्वयन विधि निम्नअनुसार रहने छन् -

### १)सचेतना तथा क्षमता अभिवृद्धि

गाउँपालिका स्तरमा सुरक्षित भवन निर्माण र विपद् पूर्वतयारी सम्बन्धमा घरधनीहरुको लागि रेडियो कार्यक्रम र अभिमुखीकरण जस्ता सचेतना अभिवृद्धिका गतिविधिहरु संचालन गरिनेछ। भवन निर्माण स्थलमा घरधनी र डकर्मीहरुलाई परामर्श सेवा प्रदान गर्ने ।

सुरक्षित निर्माण पद्धति र विपद् पूर्वतयारीमा गाउँपालिका क्षेत्रका डकर्मी, ठेकेदार, गाउँपालिका इन्जिनियर, परामर्शदाता इन्जिनियर, कर्मचारी, गाउँपालिका पदाधिकारीहरु र सामाजिक राजनीतिक अगुवाहरुको दक्षता अभिवृद्धि गर्ने ।

समुदाय स्तरमा आधारभूत स्वास्थ्य उपचार, प्रतिकार्य र खोज तथा उद्धार सम्बन्धी तालिम प्रदान गर्ने ।

### २) संस्थागत प्रणाली

भवन संहिता कार्यान्वयन र बहुप्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई गाउँपालिकामा संस्थागत गर्न विभिन्न निर्देशिका, तालिम पाठ्यक्रम, योजना निर्माण तथा कार्यसञ्चालन विधि तयार गर्ने ।